फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०८१/८२
चलानी नम्बर:- ४६६५

मिति:-२०८२/०२/११
ने.सं.:-११४५ बछलागा १३, आइतबार

विषय:- गणतन्त्र दिवस, २०८२ मनाउने सम्बन्धमा ।

श्री जिल्लास्थित सरकारी कार्यालय (संघीय/प्रादेशिक) (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सार्वजनिक संस्थान (सबै), मकवानपुर ।

श्री स्थानीय तह (सबै), मकवानपुर ।

प्रस्तुत सन्दर्भमा श्री गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालय, सिंहदरबार, काठमाडौंको च.नं. ११००, मिति २०८२-०२-०६, च.नं. ११०६, मिति २०८२-०२-०८ र श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको च.नं. २१९२, मिति २०८२-०२-०९ को गणतन्त्र दिवस, २०८२ मनाउने विषयक पत्रहरूको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । विस्तृत व्यहोरा सोही पत्रहरूबाट अवगत गर्नुभई दीप प्रज्ज्वलन, रक्तदान, वृक्षारोपन, कार्यालय परिसर सरसफाई, प्रभातफेरी, मूल समारोह लगायत जिल्लास्तरमा आयोजना गर्नुपर्ने/सहभागिता जनाउनुपर्ने तोकिएका कार्यक्रमहरू आयोजना गरी/गराई एवं सहभागिता जनाउनुपर्ने कार्यक्रमहरूमा कार्यालयका सबै कर्मचारीहरू अनिवार्य सहभागिता जनाई गणतन्त्र दिवस, २०८२ (जेठ १४,१५ र १६ गते तीन दिनसम्म) भव्यताकासाथ मनाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

२०८२/०२/११

राजेन्द्र प्रसाद कडेल
स. प्रमुख जिल्ला अधिकारी

बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

पत्र संख्या :- २०८१/०८२

चलानी नं. :- २१६२

मिति: २०८२।०२।०९

**विषय: गणतन्त्र दिवस, २०८२ मनाउने सम्बन्धमा।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री भौतिक पुर्वाधार विकास मन्त्रालय,
श्री वन तथा वातावरण मन्त्रालय,
श्री खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय,
श्री स्वास्थ्य मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय,
श्री सहकारी तथा गरिबी निवारण मन्त्रालय,
श्री युवा तथा खेलकुद मन्त्रालय,
श्री उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,
श्री संस्कृति तथा पर्यटन मन्त्रालय,
श्री जिल्ला समन्वय समिति, मकवानपुर
बागमती प्रदेश, हेटौंडा।

श्री बागमती प्रदेश सभा सचिवालय
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
श्री सञ्चार रजिष्ट्रारको कार्यालय,
श्री प्रदेश लेखा नियन्त्रकको कार्यालय,
श्री हेटौडा उपमहानगरपालिका,
श्री जिल्ला प्रशासन कार्यालय, मकवानपुर
श्री मध्य पृतना हेडक्वार्टर, सुपारेटार ब्यारेक
श्री बागमती प्रदेश प्रहरी कार्यालय,
श्री सशस्त्र प्रहरी बल नेपाल ३ नं. बाहिनी,
श्री राष्ट्रिय अनुसन्धान विभाग बागमती प्रदेश कार्यालय,
श्री नेपाल रेडक्रस सोसाईटी,
श्री पत्रकार महासंघ बागमती प्रदेश,

उपर्युक्त सम्बन्धमा बागमती प्रदेशमा **गणतन्त्र दिवस**, २०८२ भव्यताका साथ मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्री बहादुर सिंह लामा तामाङज्यूको अध्यक्षतामा मिति २०८२।०२।०९ गते बसेको बैठकको निर्णयको प्रतिलिपि आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरी पठाईएको बेहोरा निर्णयानुसार अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय
हेटौंडा, मकवानपुर
दर्ता नं. १६३३
मिति: २।१०

रबिता कार्की
अधिकृत आठौं

निर्णय नं १

गणतन्त्र दिवस, २०८२ प्रदेशस्तरमा भव्यताका साथ मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङ्गज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरु रहेको गणतन्त्र दिवस, २०८२ बागमती प्रदेश मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | माननीय मुख्यमन्त्री | अध्यक्ष |
| २ | प्रदेश सभाका माननीय सभामुख | सदस्य |
| ३ | माननीय मन्त्री, सबै मन्त्रालय | सदस्य |
| ४ | प्रदेश सभाका माननीय उपसभामुख | सदस्य |
| ५ | प्रदेश सभाको माननीय विपक्षी दलको नेता | सदस्य |
| ६ | प्रदेश सभाको विभिन्न विषयगत समितिका माननीय सभापती | सदस्य |
| ७ | प्रदेश सभाको माननीय सदस्यहरु | सदस्य |
| ८ | जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख | सदस्य |
| ९ | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| १० | सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ११ | प्रमुख सचिव | सदस्य |
| १२ | हेटौंडा उपमहानगरपालिकाका प्रमुख | सदस्य |
| १३ | उच्च अदालत पाटन हेटौंडा इजलासका मा.न्यायाधिश | सदस्य |
| १४ | मुख्य न्यायधिवक्ता | सदस्य |
| १५ | प्रदेश लोक सेवा आयोगका अध्यक्ष | सदस्य |
| १६ | नेपाली सेनाका उपरथी | सदस्य |
| १७ | प्रदेश लोक सेवा आयोगका सदस्यहरु | सदस्य |
| १८ | जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख | सदस्य |
| १९ | हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख | सदस्य |
| २० | प्रदेश सभा सचिव | सदस्य |

मुख्यमन्त्री

CamScanner

| | | |
|---|---|---|
| २१ | प्रदेश प्रमुखको कार्यालयका सचिव | सदस्य |
| २२ | प्रदेश सचिव, सबै मन्त्रालय | सदस्य |
| २३ | जिल्ला अदालत मकवानपुरका माननीय जिल्ला न्यायाधिशहरु | सदस्य |
| २४ | मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी | सदस्य |
| २५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रादेशिक कार्यालयको प्रमुख | सदस्य |
| २६ | हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| २७ | नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक | सदस्य |
| २८ | सशस्त्र प्रहरीका प्रहरी नायब महानिरीक्षक | सदस्य |
| २९ | राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक | सदस्य |
| ३० | सञ्चार रजिष्ट्रार | सदस्य |
| ३१ | प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव | सदस्य |
| ३२ | प्रदेश युवा परिषद्का उपाध्यक्ष | सदस्य |
| ३३ | प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष | सदस्य |
| ३४ | प्रदेश सहकारी बोर्डका उपाध्यक्ष | सदस्य |
| ३५ | बागमती प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष | सदस्य |
| ३६ | पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष | सदस्य |
| ३७ | नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष | सदस्य |
| ३८ | हस्तकला संघका प्रदेश अध्यक्ष | सदस्य |
| ३९ | पत्रकार महासंघ मकवानपुरका अध्यक्ष | सदस्य |
| ४० | नेपाल बार एशोसियसन मकवानपुरका अध्यक्ष | सदस्य |
| ४१ | गै स स महासंघ मकवानपुरका अध्यक्ष | सदस्य |
| ४२ | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव | सदस्य सचिव |

CS CamScanner

निर्णय नं २

गणतन्त्र दिवस, २०८२ भव्यताका साथ मनाउन देहाय बमोजिमका कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

क) जेठ १३ गते सामाजिक विकास मन्त्रालयले "गणतन्त्र स्थापनाको १७ वर्ष: उपलब्धी र चुनौती" विषयक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता आयोजना तथा व्यवस्थापन गर्ने। निबन्ध प्रतियोगिताका विजेता विद्यार्थीहरुलाई मूल समारोहको कार्यक्रममा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाउने।

ख) जेठ १३ गते विहान युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषदले खेलकुद प्रतियोगिताको आयोजना तथा व्यवस्थापन गर्ने।

ग) जेठ १४ गते सामाजिक विकास मन्त्रालयले राष्ट्रियता झल्किने किसिमका चित्रकला सम्बन्धी प्रतियोगिताको आयोजना तथा व्यवस्थापन गर्ने। चित्रकला प्रतियोगिताका चित्रकलाहरु मूल समारोहको कार्यक्रम हुने दिने प्रदर्शन गर्नुका साथै विजेताहरुलाई मूल समारोहको कार्यक्रममा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाउने।

घ) जेठ १४ गते स्वास्थ्य मन्त्रालयले सार्वजनिक रक्तदान कार्यक्रम तथा निशुल्क स्वास्थ्य शिविर संचालन तथा व्यवस्थापन गर्ने ।

ङ) जेठ १४ गते वन तथा वातावरण मन्त्रालयले वृक्षारोपण कार्यक्रमको आयोजना तथा व्यवस्थापन गर्ने ।

च) प्रदेश सरकारको लगानीमा निर्मित लघु चलचित्र तथा वृत्तचित्रहरुको प्रदर्शन जेठ १४ गते साझँ चार बजे सामाजिक विकास मन्त्रालयको हलमा गर्ने गरि सञ्चार रजिष्ट्रारको कार्यालयले व्यवस्था मिलाउने।

छ) गणतन्त्र दिवसको अवसरमा सम्बन्धित मन्त्रालय/कार्यालयहरुले आफ्नो परिसर सरसफाई गर्ने। जेठ १५ गते नगर क्षेत्रको विशेष सरसफाईको व्यवस्थापन हेटौंडा उपमहानगरपालिकाले गर्ने।

ज) प्रभातफेरी र मूल समारोहमा शैक्षिक संस्थाबाट शिक्षक तथा विद्यार्थीको सहभागिताका लागि हेटौंडा उपमहानगरपालिका मार्फत समन्वय गर्ने।

झ) जेठ १५ गते हुने प्रभातफेरी र मूल समारोहमा सम्बन्धित मन्त्रालय/निकाय/आयोग/कार्यालयहरुले ब्यानर सहित तोकिएको पोशाकमा कर्मचारीहरु उपस्थित गराउने व्यवस्था मिलाउने।

मुख्यमन्त्री

CamScanner

ञ) जेठ १५ गते विहान ७:३० बजे हेटौंडाको भुटनदेवी मा.वि को चौरमा भेला भई स्कूल रोड-बुद्धचोक-चौकिटोल-मानस चोक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म व्याण्ड बाजा सहितको प्रभातफेरी आयोजना गर्ने । उक्त प्रभातफेरीमा मूल समारोह समितिका सदस्यहरुको सहभागिताका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने । सुरक्षा निकायहरुले आपसी समन्वयमा व्याण्ड बाजाको व्यवस्था गर्ने । सो कार्यक्रम अवधिभर ट्राफिकको विशेष व्यवस्थापन नेपाल प्रहरीले गर्ने।

ट) प्रभातफेरी पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा गणतन्त्र दिवस, २०८२ प्रदेशस्तरीय मूल समारोह समितिको उपस्थितिमा मूल समारोह आयोजना गर्ने । सो कार्यक्रमको लागि मञ्च एवम् चियापानको व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

ठ) जेठ १५ गतेको प्रभातफेरी तथा मूल समारोहमा स्थानीय संस्कृति तथा भेषभूषा झल्कने झाँकीको व्यवस्थापन संस्कृति तथा पर्यटन मन्त्रालयले गर्ने।

ड) चालु आर्थिक वर्षमा गएको विपद्को उद्धारमा खट्दिा ज्यान गुमाउनुभएका निजामती तथा सुरक्षा निकायका राष्ट्रसेवक कर्मचारीहरुको परिवारलाई सम्मान गर्ने कार्यक्रमको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने। साथै विपद्को समयमा उद्दारमा खटिएका सुरक्षा निकायलाई सम्मान गर्ने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

ढ) मूल समारोहमा प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथी एवम् माननीय सभामुखज्यूलाई विशेष अतिथीको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आमन्त्रण गर्ने ।प्रमुख अतिथीको लागि सलामीको व्यवस्थापन नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा समन्वय गरेर गर्ने ।

ण) मूल समारोहमा चलचित्र तथा वृत्तचित्र निर्माणको क्षेत्रमा क्रियाशिल चलचित्रकर्मी र विभिन्न विद्याका पत्रकारहरुलाई पुरस्कार तथा प्रशंसापत्र वितरण गर्ने व्यवस्था सञ्चार रजिष्ट्रार कार्यालयले मिलाउने।

त) २०८१ असोज १०-१२ गते भएको अविरल वर्षाका कारण सिर्जित विपद्मा ललितपुरको नख्खुखोलाले बगाएका दुई जनाको उद्धार गरि साहसिक भूमिका निभाउनुभएकोमा काभ्रे जिल्ला तेमाल गाँउपालिका-९ निवासी श्री चणिकलाल तामाङलाई प्रदेश सरकारको तर्फबाट कुल रु.एक लाख पचास हजार नगद पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्ने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिलाउने।

CS CamScanner

थ) बागमती प्रदेश सभामा विपक्षी दलका नेता, बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका नेता, विभिन्न विषयगत समितिका माननीय सभापति र प्रदेश सभाका माननीय सदस्यहरुलाई प्रदेश सभा सचिवालय मार्फत निमन्त्रणा गर्ने ।

द) प्रभातफेरी र मूल समारोहमा स्थानीय तह, राजनैतिक दल, गैर सरकारी संघसंस्था, उद्योग वाणिज्य संघ लगायत आम नागरिकको अधिक सहभागिताको संयोजन जिल्ला समन्वय समिति, मकवानपुरले गर्ने ।

ध) जेठ १४,१५ र १६ गते साँझ प्रदेश स्थित सबै मन्त्रालयहरु, मातहतका जिल्लास्थित कार्यालयहरु, सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा अन्य सार्वजनिक निकायले दीपावली गर्ने । प्रदेशवासी आम नागरिकहरुलाई समेत जेठ १४,१५ र १६ गते साँझ आ- आफ्नो घर परिसरमा दीपावली गर्न बागमती प्रदेश सरकारका प्रवक्ता मार्फत अनुरोध गर्ने ।

न) प्रदेश स्थित सबै मन्त्रालयले आफ्नो कार्यालय परिसरमा राष्ट्रिय झण्डा फहराउने । प्रदेश राजधानीको बुद्ध चोक र बसपार्कमा राष्ट्रिय झण्डा फहराउने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने ।

प) सबै मन्त्रालय/निकायहरुले जेठ १४, १५ र १६ गते आफ्नो वेवसाइटको होमपेजमा "गणतन्त्र दिवस, २०८२ भव्य रुपले मनाऔं" सम्बन्धी पपअप आउने व्यवस्था मिलाउने।

CamScanner

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-गणतन्त्र दिवस - २०८२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ११००

जिल्ला प्रशासन कार्यालय
हेटौंडा, मकवानपुर
दर्ता नं. २६९८
मिति २.१.८

मितिः २०८२/०२/०६
ने.स. ११४५

**श्री जिल्ला प्रशासन कार्यालय, सबै।**

**विषयः गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।**

गणतन्त्र दिवस, २०८२ (जेठ १४, १५ र १६ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कूटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउने सन्दर्भमा गणतन्त्र दिवस, २०८२ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८२/०२/०५ गते सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रम अनुसार जिल्लाहरुमा तपसिल बमोजिमका कार्यक्रमसहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. जेठ १४, १५ र १६ गते तीन दिनसम्म जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाका कार्यालयहरूको छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरू र जिल्लाबासीका घर-घरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने।
२. माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वको प्रदेशस्तरीय "गणतन्त्र दिवस समारोह समिति", जिल्ला समन्वय प्रमुख संयोजकत्वको जिल्लास्तरीय समिति र स्थानीय पालिका प्रमुखको संयोजकत्वको "गणतन्त्र दिवस कार्यक्रम आयोजक समिति" द्वारा सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था मिलाउने।
३. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा स्वास्थ्य सेवा सम्बद्ध सरकारी, गैह्र सरकारी तथा सामुदायिक संघ-संस्थाद्वारा रक्तदान, स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवम् स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ-संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरूका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम आयोजना गर्न प्रोत्साहन, सहजीकरण र समुचित समन्वय गर्ने ।
४. दिवस अवधिमा जिल्लामा रहेका सार्वजनिक महत्त्वका स्थानहरू, सामाजिक-सांस्कृतिक तथा ऐतिहासिक पूरातात्त्विक महत्त्वका सम्पदास्थलहरूको सरसफाइसहित परिसर एवम् समस्त स्थलहरूमा निर्वाचित जनप्रतिनिधि, स्थानीय समाजसेवी, राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरू समेतको सामूहिक सहभागितामा साँझ दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने ।
५. जिल्लामा आयोजना तथा सञ्चालन भएका दिवस सम्बद्ध कार्यक्रमहरूको संक्षिप्त विवरण मन्त्रालयमा समेत जानकारीको लागि संप्रेषण गर्ने ।
६. गणतन्त्र दिवसको अवसरमा आम नागरिकको सहभागिता बढोत्तरी हुनेगरी विभिन्न नवीन कर्यक्रम गर्ने तथा गराउन सहजीकरण गर्ने।

(जयनारायण आचार्य)
सहसचिव

**सादर अवगतार्थः**
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

पत्र संख्याः गणतन्त्र दिवस - २०८२

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ११०६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०८२/०२/०८

ने.स. ११४५

**श्री जिल्ला प्रशासन कार्यालय, सबै।**

**विषयः गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मन्त्रालयको च.नं. ११०० मिति २०८२।०२।०६ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै होला। सोही सन्दर्भमा गणतन्त्र दिवस, २०८२ (जेठ १४, १५ र १६ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कूटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउन गणतन्त्र दिवस, २०८२ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०८२/०२/०५ गते सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रम कार्यान्वयनका लागि छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको छ। अतः जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा आयोजना हुने जिल्लास्तरीय समिति र स्थानीय पालिका प्रमुखको संयोजकत्वमा आयोजना हुने पालिकास्तरीय कार्यक्रमको आवश्यक समन्वय मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

(जयनारायण आचार्य)
सहसचिव

**सादर अवगतार्थः**

श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

# गणतन्त्र दिवस, २०८२

## मूल समारोह समिति गठन
## एवम्
## अनुमोदित कार्यक्रम

लोकमणि दुवाडी
सचिव

# गणतन्त्र दिवस, २०८२

## मूल समारोह समिति गठन एवम् अनुमोदित कार्यक्रम

जेठ १५, २०६५ देशमा गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष जेठ १५ गते नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग एवम् वाणिज्य दूतावासहरूमा समेत विविध कार्यक्रमका साथ हर्षोल्लासपूर्वक गणतन्त्र दिवस मनाईंदै आएको छ। सदाझैं वि.सं. २०८२ सालको गणतन्त्र दिवस भव्यतासाथ मनाउन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको गरिमामय समुपस्थितिमा यही मिति २०८२ जेठ ५ गते सोमबार अपरान्ह १:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशिष्ट पदाधिकारीहरूको बैठक बसी गृह सचिवद्वारा पेश भएका प्रस्तावउपर छलफल गरी तपसिल बमोजिम निर्णय भएको छ।

**तपसिल**

**क. "गणतन्त्र दिवस मूल समारोह समिति, २०८२" को गठन :**

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| ४. | प्रधानसेनापति | सदस्य |
| ५. | प्रमुख, ललितपुर महानगरपालिका | सदस्य |
| ६. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ७. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ८. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| ९. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| १०. | उपप्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ११. | उपत्यकाका नगरपालिका प्रमुखहरू, | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

गोकर्णमणि दुवाडी
सचिव

ख. सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :

जेठ १४ गते

१. गणतन्त्र दिवस-केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, कविगोष्ठी, रेडियो नाटक लगायतका जनचेतनामूलक कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई गणतन्त्र दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन गर्नुका साथै गणतन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने।

३. रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चार माध्यमहरूबाट गणतन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने तथा परिसम्वाद कार्यक्रम संचालन गर्ने।

४. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने, साँझ सबै सरकारी तथा गैर सरकारी कार्यालय तथा घरघरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

५. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

६. जिल्ला स्तरमा विभिन्न आन्दोलनहरूका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवम् स्थानीय तहको समन्वयमा सम्मान कार्यक्रम आयोजना गर्ने।

७. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा ७७ वटै प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने।

जेठ १५ गते

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. नेपाली सेनाको हेलिकोप्टरबाट "गणतन्त्र दिवस, २०८२" अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र ब्यानर प्रदर्शन गर्ने ।

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा गणतन्त्र दिवस, २०८२ को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने।

४. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने।

गोकर्णमणि दुवाडी
सचिव

५. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सँस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति सैनिक मञ्च टुँडिखेलमा गर्ने।

६. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट गणतन्त्र दिवस, २०८२ को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफ.एम. तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने।

७. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

८. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र/दृश्य बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने।

जेठ १६ गते

१. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।

**ग. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रमः**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा जेठ १४, १५ र १६ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी समुचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कूटनीतिक निकायहरुमा पठाउने।

**घ. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रम :**

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय **"गणतन्त्र दिवस समारोह समिति"** गठन गरी विविध कार्यक्रमका साथ गणतन्त्र दिवस भव्यरुपमा मनाउन सबै प्रदेश सरकार मार्फत प्रदेशबासीहरूलाई अनुरोध गर्ने।

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा **"गणतन्त्र दिवस कार्यक्रम आयोजक समिति"** गठन गरी गणतन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरूलाई अनुरोध गर्ने।

३. जेठ १४, १५ र १६ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

गोकर्णमणि दुवाडी
सचिव

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट गणतन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

५. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने **गणतन्त्र दिवस** कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी **गणतन्त्र दिवस** मनाउने। समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

गोकर्णमणि दुवाडी
सचिव

मूल समारोहका कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने :

| | | |
|---|---|---|
| **प्रचार प्रसार उप-समिति** | | |
| १. | सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल, नेपाल टेलिभिजन) | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ८. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| ९. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्था महाशाखा) | सदस्य |
| १०. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |
| **मञ्च सजावट तथा व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ४. | प्रमुख, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ५. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ६. | सुपरिन्टेन्डेन्ट इन्जिनियर, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | सदस्य |
| ७. | प्रमुख सेनानी, जङ्गी अड्डा (समारोह सञ्चालन निर्देशनालय) | सदस्य |
| ८. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ९. | अध्यक्ष, नेपाल चेम्वर अफ कमर्स | सदस्य |
| १०. | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| ११. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| १२. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |
| **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | | |
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |
| २. | सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | शाखा अधिकृत, आन्तरिक प्रशासन सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |

गोकर्णमणि दुवाडी
सचिव

## साँस्कृतिक झाँकी व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत, ललितपुर महानगरपालिका | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत, गोकर्णेश्वर नगरपालिका | सदस्य |
| ७. | प्रमुख प्रशासकीय अधिकृत, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत, बुढानिलकण्ठ नगरपालिका | सदस्य |
| ९. | प्रमुख प्रशासकीय अधिकृत, शंखरापुर नगरपालिका | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका | सदस्य |
| ११. | प्रमुख प्रशासकीय अधिकृत, नागार्जुन नगरपालिका | सदस्य |
| १२. | प्रमुख प्रशासकीय अधिकृत, तारकेश्वर नगरपालिका | सदस्य |
| १३. | प्रमुख प्रशासकीय अधिकृत, कीर्तिपुर नगरपालिका | सदस्य |
| १४. | प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरी नगरपालिका | सदस्य |
| १५. | प्रमुख प्रशासकीय अधिकृत, दक्षिणकाली नगरपालिका | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत, मध्यपुर ठिमी नगरपालिका | सदस्य |
| १७. | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालिका | सदस्य |
| १८. | प्रमुख प्रशासकीय अधिकृत, सुर्यविनायक नगरपालिका | सदस्य |
| १९. | प्रमुख प्रशासकीय अधिकृत, गोदावरी नगरपालिका | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका | सदस्य |
| २१. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| २२. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

## साँस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन उपसमिति

| | | |
|---|---|---|
| १. | सचिव, रक्षा मन्त्रालय | संयोजक |
| २. | सहसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. | निर्देशक, समारोह सञ्चालन निर्देशनालय, नेपाली सेना | सदस्य |
| ४. | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी (सम्बन्धित विभाग) | सदस्य |
| ५. | सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल (सम्बन्धित विभाग) | सदस्य |
| ६. | महाप्रबन्धक, साँस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) | सदस्य |
| ७. | उपसचिव, प्रहरी कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | उपसचिव, रक्षा मन्त्रालय | सदस्य-सचिव |

गोकर्णमणि दुवाडी
सचिव

## क्रियाकलाप तथा कार्ययोजनाः

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सबै प्रदेशका माननीय मुख्यमन्त्रीहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट गणतन्त्र दिवस भव्यरुपमा मनाउन निर्देशन दिने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. गणतन्त्र दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, कविगोष्ठी, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा गणतन्त्र दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै गणतन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट गणतन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ६. विकास निर्माणमा भए, गरेका प्रमुख उपलब्धी झल्किने वृत्तचित्र बनाई सार्वजनिक होर्डिङ बोर्ड एवं टेलिभिजनबाट प्रसारण गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकारका सबै मन्त्रालयहरू | गृह मन्त्रालय |
| ७. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट सातै प्रदेशको सांस्कृतिक विविधता झल्कने प्रकृतिको प्रस्तुति गर्ने। | रक्षा मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, साँस्कृतिक संस्थान | गृह मन्त्रालय |
| ८. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, युवा तथा खेलकुद मन्त्रालय | स्थानीय पालिकाहरु तथा स्थानीय खेलकुद विकास समिति, उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| ९. रक्तदान कार्यक्रमको आयोजना गर्ने | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्ध संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १०.आन्दोलनहरुका शहीद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान | जिल्ला समन्वय समिति | स्थानीय पालिकाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |

गोकर्णमणि दुवाडी
सचिव

| | | | |
|---|---|---|---|
| ११.फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| १२. साँझ दीप प्रज्ज्वलन गर्ने। | स्थानीय तह तथा पालिकाहरु, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |

गोकर्णमणि दुवाडी
सचिव

## सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहमा उपस्थित हुनुहुने महानुभावहरु :

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय सभामुख, प्रतिनिधि सभा,
६. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
७. माननीय पूर्वराष्ट्रपतिहरू,
८. माननीय उपप्रधानमन्त्रीहरू,
९. पूर्व उपराष्ट्रपतिहरू,
१०. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
११. माननीय मन्त्रीहरु,
१२. उपसभामुख, प्रतिनिधि सभा,
१३. उपाध्यक्ष, राष्ट्रिय सभा,
१४. राज्य मन्त्रीहरु,
१५. सङ्घीय संसदका संसदीय समितिका सभापतिहरू,
१६. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,
१७. संवैधानिक निकायका प्रमुखहरु,
१८. महान्यायाधिवक्ता,
१९. सङ्घीय संसदका माननीय सदस्यहरू,
२०. काठमाडौं महानगरपालिकाका प्रमुख,
२१. नेपाल सरकारका मुख्य सचिव,
२२. प्रधानसेनापति,
२३. ललितपुर महानगरपालिकाका प्रमुख,
२४. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२५. संङ्घीय संसदका महासचिव,
२६. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२७. नेपाल राष्ट्र बैंकका गभर्नर,
२८. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२९. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
३०. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,
३१. रथी,
३२. सुरक्षा निकायका प्रमुखहरु,
३३. प्रज्ञा प्रतिष्ठानका उपकुलपतिहरू,
३४. विश्वविद्यालयका प्राध्यापकहरू,
३५. काठमाडौं महानगरपालिकाका उपप्रमुख,
३६. काठमाडौं उपत्यकाभित्रका स्थानीय तहका प्रमुखहरु तथा उपप्रमुखहरु सबै,
३७. सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृतहरु,
३८. उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरु,

गोकर्णमणि दुवाडी
सचिव

३९. नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू (सहसचिवहरू),
४०. सहायक रथीहरू,
४१. प्रहरी नायब महानिरीक्षकहरू,
४२. सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू,
४३. राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशकहरू,
४४. सार्वजनिक संस्थानका प्रमुख एवम् कार्यकारीहरू,
४५. अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ,
४६. अध्यक्ष, उद्योग वाणिज्य महासंघ,
४७. अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स,
४८. अध्यक्ष, नेपाल उद्योग परिसंघ,
४९. अध्यक्ष, नेपाल पत्रकार महासंघ,
५०. उपसमितिका सबै सदस्यहरु ।

गोकर्णमणि दुवाडी
सचिव

## नेपाली सैनिक-मञ्च, टुँडिखेलको मूल समारोहको कार्यक्रम तथा समयतालिका

**कार्यक्रम सुरु हुने समय - बिहान ९:३५ बजे**

**कार्यक्रमको अनुमानित समयावधि - १ घण्टा ४५ मिनेट (आगमन समय बाहेक)**

### आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन

१. राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको आगमन - ९:३५ बजे

२. प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यूको आगमन - ९:४० बजे

३. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन - ९:४५ बजे

४. गणतन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन - ९:५० बजे

५. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन - ९:५५ बजे

६. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको आगमन तथा राष्ट्रपतिज्यूबाट सलामी ग्रहण - १०:०० बजे

७. राष्ट्रिय गान र झण्डोत्तोलन - ४ मिनेट

८. ज्ञात-अज्ञात शहीदहरू प्रति उच्च-सम्मान र श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीरशान्तिको लागि मौनधारण - १ मिनेट

९. नेपाली सेनाको हेलिकोप्टरबाट "गणतन्त्र दिवस, २०८२" अङ्कीत ब्यानर प्रदर्शन गरी पुष्पवृष्टि एवं बेलुनहरु उडाउने कार्य टुँडिखेल मूल कार्यक्रम स्थलमा गर्ने। साथै, सो कार्य पश्चात हेलिकोप्टरबाट "गणतन्त्र दिवस, २०८२" अङ्कीत ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने। - ५ मिनेट

१०. नेपाली सेनाद्वारा शान्तिका प्रतीक परेवा उडाउने, - १ मिनेट

११. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाल स्काउटद्वारा संक्षिप्त मार्च पास, - १० मिनेट

१२. राष्ट्रिय खेलकुद परिषद्को तर्फबाट **Taekwondo Demonstration** - १० मिनेट

१३. साँस्कृतिक झाँकी प्रदर्शन, - ३० मिनेट

१४. साँस्कृतिक विविधता झल्कने प्रदर्शन, - १५ मिनेट

१५. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालद्वारा संक्षिप्त व्याण्ड प्रदर्शन गर्ने, - १० मिनेट

१६. गणतन्त्र दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्बोधन, - २० मिनेट

१७. सम्माननीय राष्ट्रपतिज्यूको फिर्ती सलामी र विदाई। - १० मिनेट

*(रेडियो नेपाल, नेपाल टेलिभिजन तथा अन्य श्रव्य-दृष्य संस्थाबाट सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण)*

गोकर्णमणि दुवाडी
सचिव